सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

सिरानचोक गाउँपालिका नीति तथा कार्यक्रम २०८१/०८२

सिरानचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल
मितिः २०८१ साल असार १० गते

नेपालको संविधानमा निर्दिष्ट गरिएको स्थानीय सरकार, हजारौं शहिदहरुको बलिदान, र कर्मवीरहरुको त्याग, तपस्या र संघर्षको परिणाम हो। म सबैभन्दा पहिला उहाँहरु प्रति कृतज्ञता र उहाँहरुको सङ्कल्प प्रति सम्मान व्यक्त गर्दछु। यस गरिमामय सभाका सदस्यहरु स निषेध, अपमान र प्रतिशोध हैन, सहमती, सहकार्य र आपसी विश्वासको राजनीतिक संस्कारलाई अघि बढाउन प्रतिवद्ध छु । संवेदनशील क्षणहरुमा हामी सबै एकै ठाउँमा उभिएमा मात्र सिरानचोक गाउँपालिका अगाडि बढ्नेमा म विश्वस्त छु।

वित्तिय संघियताको मर्म अनुरुप संघिय तथा प्रादेशिक सरकारबाट उपलब्ध हुने अनुदान कटौति हुदै गईरहेको विद्यमन परिस्थितिलाई मध्यनजर गर्दै गाउँपालिका बासिहरुसंग गरिएको वाचा तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरी यस गाउँपालिकामा सुसासन दिगोबिकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन मेरो अहम जिम्मेवारी हुनेछ। गाउँपालिका बासिहरुको जिवनमा सकारात्मक परिवर्तन ल्याउनको लागी सबै सरोकारवालाहरु विच आवश्यक सहकार्य र समन्वयको आवस्यक पर्दछ।

गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधताका बीच सन्तुलित र समन्यायिक विकास गर्न दृढता प्रकट गर्दछु । नेपालको संविधान, संघ तथा प्रदेशका कानूनहरु,स्थानिय साकार संचालन ऐन, संघीय तथा प्रादेशिक पंचबर्षिय योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत नीति तथा गुरुयोजनाहरु, गाउँपालिकाको आवधिक योजना र क्षेत्रगत नीतिहरु, जनप्रतिनिधि, विभिन्न राजनीतिक नेतृत्व, सरोकारवाला, संघसंस्था, गैर सरकारी संस्था लगायत विभिन्न पक्षहरुसँग भएको परामर्श, तथा विषयगत समितिहरुको राय सुझाव र दुई वर्षको कार्यानुभवको आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगारी, उधमशीलतालाई प्राथमिकतामा राखी **"समृद्ध ऐतिहासिक सिरानचोकको शानः दिगो विकासको अभियान"**लाई पूर्णता दिनकोलागि यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**आर्थिक बर्ष २०८०/०८१ को बार्षिक निति तथा कार्यक्रमको समिक्षा**

१. **आर्थिक विकास क्षेत्रः**

**क. कृषि तथा भुमि व्यवस्था**

- कृषकहरुको मागको आधारमा २७.५ टन आलुको विउ, ५ मेट्रिक टन मकैको उन्नत विउ, कृषि फर्महरुलाई ७५ वटा गोला सहितको मौरी घार तथा १७० वटा खालि मौरी घार र उन्नत जातको तरकारीहरुको विउ तथा निशुल्क विषादी खाद्यतत्वहरु वितरण बाट करिव ४५,०० घर परिवार कृषक लाभान्वित भएको ।
- वडा नं. २ मा १ वटा अलैचि भट्टी र वडा नं ७ मा नर्सरी उत्पादनको लागि ३ वटा सेमि हाईटेक टनेल निर्माण तथा ७० प्रतिशत अनुदान सहयोग गरि ६ वटा आधुनिक प्लास्टिक घर निर्माण गरिएको।
- माटो परिक्षण मिनि ल्यावको स्थापना गरिएको ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

- वडा नं. ३ मा गाउँअकबरे, वडा नं. ४ र ५ मा मौरी पकेट र वडा नं. ६ मा तोरी पकेट स्थापना भएको
- आलु खेति विस्तार तथा व्यवसायीक आयोजना अन्तर्गत वडा नं. २ (थालाजुंग बहुउद्देशयीय सहकारी) र ६ (गाँखु कृषि सहकारी) मा १० टन बराबरको २ वटा कोल्ड रुम निर्माण गरियो।

ख. पशुपन्छी विकाश

- गाउँपालिका भित्रका कृषकहरुको लागी व्यावसायिक बनाउन ३ दिने बाख्रा पालन तालिम, ३ दिने बंगुर पालन तालिम बाट ५३ जना कृषक लाभान्वित भएका साथै पशु स्वास्थ्य शिविर र सामुदायिक कुकुरहरुको बन्ध्याकरण कार्यक्रम बाट ९६५ जनावरको उपचार गरिएको।
- गाउँपालिकामा पशु सेवा ल्याबको स्थापना गरिएको।

ग. सिंचाई

- १०९० मि पक्की कुलो ११०० मि कच्चि कुलो र ४ कि.मि पाईप लाइन बाट खेति योग्य जमिनमा सिंचाईको व्यावस्था गरिएको।

घ. श्रम तथा रोजगारी सहकारी तथा गरिबी निवारण

- नयाँ लघु उद्यमी सिर्जना गर्ने तर्फ १५४ जना र पुराना लघु उद्यमी हरुलाई स्तरोन्नती गर्ने तर्फ ४८ जना गरि जम्मा २०२ जना लाइ सिप विकास तालिम तथा आवश्यक प्रविधी हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १७ वटा योजनामा ७३ जना व्यक्तिहरुलाई औशत ८२ दिनबराबरको रोजगारी प्रदान गरिएको।
- मुख्यमन्त्री नवप्रवर्दन कार्यक्रम मौलिक पेशा प्रर्वद्धन अन्तर्गत वडा नं ४ चोरकाटेमा माटोका भाडा बनाउने ४० जना सहभागिलाई ४५ दिनको सिप विकास तालिम र वडा नं ६ उदिनढुङ्गामा ३० जना सहभागिलाई ३० दिनको बाँसको निगालोको सामाग्री बनाउने सिपविकास तालिम संचालन गरि आवश्यक प्रविधि हस्तान्तरण गरिएको।

ङ. सम्पदा संस्कृति तथा पर्यटन

- श्रीनाथकोट श्रीनाथ मण्डली मन्दिर परिसरमा होम घर निर्माण,खानेपानी, शौचालयको व्यवस्था तथा जिर्ण अवस्थामा रहेको कोट घरको मर्मत गरिएको।
- भालेढुङ्गा पार्क, गाग्रेडाँडा पार्क र द्रब्यशाह पार्कमा संरचना निर्माण गरिएको।
- विभिन्न स्थानमा मठ, मन्दिर, मदरसा, गुम्वा र चर्चहरुको निर्माण तथा मर्मत गरिएको।

२. <u>सामाजिक क्षेत्रः</u>

क. स्वास्थ्य तथा पोषण

- सबै वडामा जनरल स्वास्थ्य शिविर, बिषेशज्ञ तथा स्कृनिङ शिविर संचालन गरि ३८४९ जनालाइ निशुल्क जाँच,परामर्श तथा अत्यावश्यक औषधि सहितको सेवा प्ररदान गरिएको।
- सिरानचोक गाउँपालिका र गोरखा लायन्स सेवा केन्द्र गोरखाको संयुक्त आयोजनामा पालिका भित्रका १७ वटा विधालयहरुका कुल ११३० जना विधार्थिहरुको Eye Screening गरि, आवस्यक चस्मा निशुल्क वितरण गरिएको। :

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

जेष्ठ नागरिक घरभेट कार्यक्म मार्फत स्वास्थ्यकर्मिहरु वडाका विभिन्न टोल वस्तीका जेष्ठनागरिक तथा अपाङ्गहरुको घर घरमा पुगि स्वास्थ्य जाँच, परामर्श, अत्यावश्यक औषधिहरु उपलब्ध गराइ ३६०० जनालाई सेवा प्रदान गरिएको।

- संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत सबै संस्थामा सुत्केरी हुने महिलाहरुलाई रु.१००० बराबरको पोषण तथा सरसफाई प्याकेज र स्वास्थ्य संस्थालाई रु.१००० प्रोत्साहान रकम उपलब्ध गराइएको, गर्भवतिहरुका लागि निःशुल्क भिडियो एक्सरे तथा क्याल्सियम फोलिक ट्यावलेट वितरण गरीएको।
- विपन्न तथा दिर्घ रोगी नागरिकहरुको लागि स्वास्थ्य विमा सहयोग कार्यक्रम मार्फत कुल २८ जनालाई स्वास्थ्य विमा गरीएको।
- सिरानचोक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत प्रभावकारी निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको, गाउँघरक्लिनिक मासिक रुपले संचालन गरि स्वास्थ्य सेवाको पहुँच कम भएको स्थानमा स्वास्थ्यकर्मि पुगी सेवा प्रदान गरिएको, पालिकाका विभिन्न वडाका गाउँवस्तिमा खोप केन्द्र संचालन गरि बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको।
- पोषण मैत्रि गाउँपालिका कार्यक्रम मार्फत प्राप्त विशेष अनुदान कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका करिव ४०० महिला तथा लक्षित समुह लाभान्वित भएका तथा ८ वटा स्वास्थय संस्था सुचकहरुको मुल्याङ्कनको आधारमा पोषणमैत्री स्वास्थय घोषणा गर्ने कार्यलाइ अघि बढाईएको, फोहोरमैला ब्यवस्थापनको लागि सार्वजनिक स्थान र आधारभुत विधालयहरुमा डस्टविन र वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा Water फिल्टर वितरण गरिएको।

### ख. शिक्षा,विज्ञान तथा प्रविधि

- गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गरी छनोट भएका बिद्यार्थी जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी भई ९ स्वर्ण, ५ रजत र १ कास्य सहित सिरानचोक गाँउपालिकाले प्रथम स्थान हासिल गर्न सफल भई प्रदेश स्तरिय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा १० जना बिद्यार्थि सहभागि भएकोमा ३ कास्य पदक प्राप्त गर्न सफलहुनुका साथै २ खेलाडी केन्द्रिय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा छनौट भएका ।
- गाउँपालिका भित्रका शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तथा शैक्षिक सुधारका लागी IEMIS र SIP लेखाजोखा गोष्ठी तथा ग्लोवल पिसफाण्डेसनको साझेदारिमा एकीकृत पाठ्यक्रम प्रबोधिकरण तालिम कार्यक्रम र Room to Read संगको साझेदारिमा साक्षरता तथा किशोरी शिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- सिरानचोक गाउँपालिका भित्रका बिद्यालयका बिद्यार्थी संख्या अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान तथा बिद्यालय समायोजन गरिएको।

### ग. खानेपानी तथा सरसफाई

- एक घर एक धारा नीति अनुसार यस आ.ब मा पालिका भित्र ३०६ वटा थप धारा तथा ३४ कि.मि पाईपलाइन विस्तार गरि खानेपानीको व्यवस्था गरीएको।

२४ वटा इन्टेक,२५ वटा Storage tank निर्माण र विभिन्न पानीको मुहान संरक्षण तथा घेरावार निर्माण गरिएको।

घ. महिला बालबालिका तथा समाज कल्याण

- पालिका भित्रका दलित महिला, अपाङ्ग पिछडिएको वर्गको आर्थिक सवलिकरणको निम्ती ग्रुप बनाउने, अचार बनाउने, एडभान्स ब्युटिपार्लर,बेमौसमि पुष्प खेती, दुनाटपरी बनाउने तालिम सम्पन्न गरिएको।
- समाजमा पिछडिएका, उत्पिडनमा परेका वर्ग तथा समुदायको उत्थानको लागी विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिएको।

न्यायिक समिति

- न्यायिक समितमा दर्ता भएका ४७ वटा विवादहरु मध्ये ४२ वटा विवादहरु निरुपण भएको र बाँकी ५ वटा विवादहरु निरुपणका लागि प्रक्रियागत रुपमा अगाडी बढेको ।
- न्यायिक समिति र प्रहरी वीच त्रैमासिक अन्तर्किया कार्यक्रम- अन्तर्गत ४ पटक ,न्यायिक समिति संयोजक र विद्यालय विच अन्तर्क्रिया कार्यक्रम-१० वटा विद्यालयमा संचालन गरिएको, मेलमिलाप कर्ताको पुनर्ताजकी तालिम र सामाजिक सचेतनाका लागि Reflect class सम्पन्न।
- लैङ्गिक हिंसा, वाल विवाह, वहु विवाह, दाईजो प्रथा र न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी समुदाय र प्रहरी संग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

३. पूर्वाधार क्षेत्रः

क. भवन ,आवास ,वस्ती तथा शहरीविकास

- वडा न. १,३,८ को वडा कार्यालय भवन थप निर्माण र वडा न.४ र ७ निर्माण कार्य सुरु गरिएको।
- १५ सैया अस्पताल निर्माण कार्य सम्पन्न भएको।
- पालिका भित्र ३९ वटा सामुदायिक भवन सम्पन्न तथा २५ वटाको आंशिक निर्माण गरिएको।
- ६ वटा प्रतिक्षालय र १६ वटा शौचालय निर्माण सम्पन्न गरिएको।

ख. सडक ,पुल तथा यातायात व्यवस्था

- आ.ब २०८०/०८१ मा पालिका भित्र ७.५ कि. मि नयाँ ट्र्याक निर्माण, ७२ कि.मि. सडक स्तरोन्नती र ३०० कि.मि सडक सरसफाई गरिएको।
- १.७५ कि.मि सडक ढलान कार्य सम्पन्न र १८०० मि सडक ग्राबेल गरिएको।
- ३.८५ कि.मि पक्कि सडक नाला निर्माण र १४.५ कि.मि कच्चि नाला निर्माण गरिएको।
- २१ वटा ह्युम पाईप कलभर्ट निर्माण तथा विभिन्न ठाउमा सडक संरक्षणको कार्य सम्पन्न भएको।

४. वन, वातावरण तथा विपद व्यवस्थापनः

- दरौदि नदि, भुसुण्डे खोला र खहरेखोलामा तटवन्ध निर्माण तथा विभिन्न स्थानमा पहिरो तथा भल नियन्त्रण कार्य सम्पन्न गरिएको।

५. संस्थागत विकास तथा सुशासनः

क. संस्थागत विकास तथा सुशासन

- आन्तरिक नियन्त्रण प्रणालि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको।
- गाउँपालिकाको कार्यालय तथा मातमहतको कार्यालय वाट प्रदान गरिने सेवाहरु विद्युतिय माध्यम बाट प्रदान गरिएको।
- योजना, राजस्व लगायतका सेवाहरु विद्युतिय माध्यमवाट प्रदान गरिदै आएको।

> गाउँपालिका र मातहतका कार्यालयबाट प्रदान गरिने सेवा जनमुखी सेवाग्राहि मैत्री, प्रविधि मैत्री हिसाबले प्रदान गरिएको।

> संविधान र कानून बमोजिम गाउँपालिकाले हाल सम्म १६ वटा नीति, १७ वटा ऐन, ६ वटा नियमावली , ४४ वटा कार्यविधि, ६ वटा निर्देशिका तथा मापदण्ड निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ।

आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि " समृद्ध सिरानचोकको शान दिगोविकासको अभियान" भन्ने मूल ध्येयकासाथ निम्नानुसारको नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गर्दछु।

१. आर्थिक विकास क्षेत्रः

क. कृषि तथा भुमि व्यवस्था

- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणालाई अगाडि बढाउन आवश्यकता अनुसार कृषि प्राविधिकहरुको व्यवस्था गरिनेछ ।
- "कृषि क्षेत्रको बृद्धि सिरानचोकको समृद्धि" भन्ने मुल नाराको साथ कृषिलाई आधुनिकिकरण र व्यवसायिकिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ।
- खेती योग्य भूमिमा सिचाईको पहुँच पुर्याई उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिचाई कार्यक्रम सन्चालन गरिनेछ ।
- कृषि व्यवसायको उत्पादन लागत घटाई आय वृद्धि गर्न कृषि यन्त्र तथा उपकरणको प्रयोग गरि कृषिलाई आधुनिकिकरण गरिनेछ ।
- उत्पादित कृषि उपजहरुको बजारिकरणको लागि स्थानीय स्तरमा कृषि उपज संकलन तथा भन्डारणको व्यवस्था मिलाईनेछ ।
- प्राकृतिक प्रकोप तथा अन्य कारण बाट हुने वालिको क्षति न्यूनिकरण र व्यवस्थापनको लागि आकस्मिक वाली संरक्षण सेवा संचालन गरिनेछ ।
- खेती योग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न बाँझो रहेका जग्गामा आवस्यक प्रविधि, उन्नत विउ विजन उपलब्ध गराई व्यवसायिक खेती कार्यलाई प्रर्वद्धन गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- उच्च मुल्य तथा संभावना भएका कफि, किवि, अलैचि, ड्रागन फुड लगाएतका फलफुलहरुको उत्पादन तथा वजारिकरणको प्रवर्द्धन गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्वको बृद्धिको लागि माटो परिक्षण कार्यको सुरुवात गरिनेछ ।

ख. पशुपन्छी विकास

- पशुपन्छी व्यवसायको जोखिम न्यूनीकरण गर्नको लागि पशुपंक्षि बिमा, आकस्मिक रोग नियन्त्रण ,निशुल्क पशु स्वास्थ्य शिविर,खोप जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपन्छीको स्वास्थ्य परिक्षण गरि हरेक वडामा पशु प्राविधिकको सिफारिस अनुसार आवश्यक औषधिहरुको सहज उपलब्धता हुने गरि प्रवन्ध मिलाईनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

पशुपालन व्यवसायलाई प्रोत्साहित गर्दै, स्रोत केन्द्रको स्थापना गरि सिरानचोक गाउँपलिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउंदै लगिनेछ ।

- दुग्ध पदार्थ उत्पादन र बजारिकरणमा प्रोत्साहन गर्न सिरानचोक गाउँपालिका वडा नं. ६,महटार मा स्थापना भएको चिलिंग सेन्टर लाई सुचारु गरि दुग्ध क्षेत्रको आवश्यक बिकास र प्रवर्धन गरिनेछ।
- पशुपंक्षि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बद्धि गर्न पशु नश्ल सुधार कार्यक्रमलाई जोड दिइनेछ ।
- प्राणघातक रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न जनचेतना फैलाउने ,सामुदायिक कुकुरहरुको बन्ध्याकरण गर्ने र खोप लगाउने जस्ता कार्यहरुलाई जोड दिइनेछ ।
- पशुपंक्षि पालनमा संलग्न भएका कृषकहरुलाई तालिम दिई सिप विकास तथा क्षमता अभिबृधि गराइनेछ।
- पशु प्राबिधिकहरुलाई थप दक्ष बनाउन प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- पशु सेवा शाखामा आधारभूत प्रयोगशाला संचालनमा ल्याई गोबर परिक्षण, थुनेलो रोगको परिक्षण, सामान्य सल्यक्रिया जस्ता थप सेवाहरु संचालन हुनेगरि व्यबस्था मिलाईनेछ ।
- पशु प्राबिधिक खटिइ सेवा दिईरहेका वडाहरुमा कम्तिमा गोवर परिक्षण सेवा संचालन हुने व्यवस्था मिलाईनेछ ।
- पशुबाट मानिसमा र मानिसबाट पशुमा समेत सर्न सक्ने जुनोटिक रोगहरुको नियन्त्रण, एक स्वास्थ्य प्रणाली अभ्यास तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

ग. सिंचाई

- गाउँपालिका भित्रका खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध पुर्याउन आवश्यकता अनुसारका सिंचाई योजनाहरु निर्माण गरिनेछ।
- परम्परागत रुपमा संचालन हुँदै आएका नहरहरुको निरन्तर मर्मत सम्भार योजना निर्माण गरि मर्मत गरिनेछ।
- सिरानचोक गाउँपालिका हुँदै वहने दरौदी नदी र चेपे नदिका साथै भुसुण्डे खोला छेउछाउका खेतीयोग्य जमिनलाई लक्षित गरि संघ र प्रदेश सँग समन्वय र सझेदारी गरी लिफ्टिंग आयोजना निर्माण सुरु गरिनेछ।

घ. सहकारी तथा गरिवी निवारण

- संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहअस्तित्व र सहकार्यलाइ मध्यनजर गर्दै गाउँपालिका भित्र रहेका सहकारीलाइ उत्पादनमुखी बनाउदै आय बृद्धिका लागि साझेदारि कार्यक्रमलाई जोड दिईनेछ।
- सहकारीका मूल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको स्थापना, विकास र सञ्चालनका लागि प्रर्वधनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- दलित, सिमान्तकृत, अल्पसंख्यक तथा सर्वसाधारण गाउँपालिकावासी माझ सहकारीको पहुँच विस्तारमा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

- सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सहकारीहरुको नियमित अनुगम नियमन र नियन्त्रणगर्ने कार्यलाइ प्रभावकारी रुपमा अवलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका बैक तथा वित्तिय संस्थाहरुसंगको समन्वयमा वित्तिय सक्षरता सम्वन्धि कार्यक्रम संचालन गरिनेछ।

ङ. सम्पदा संस्कृति तथा पर्यटन

- "**हाम्रो इतिहास हाम्रो गौरव, हाम्रो पर्यटन** "भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटन प्रवद्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, प्रवर्धन र विस्तारमा जोड दिने दिइनेछ ।
- संस्कृति र पर्यटनलाई एक आपसमा जोडी गाउँपालिकामा विस्तृत पर्यटन गुरुयोजना तयार गरिनेछ।
- सिरानचोक कोटमा धार्मिक तथा पर्यटकिय विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरुको निर्माणका लागि गुरुयोजना निर्माण गरि सो अनुसार अगाडी बढाइनेछ ।
- नेपाल सरकारको सहयोगमा नेपाली सेनाद्धारा तयार गरिने एकिकरण पदमार्गमा सिरानचोक कोटको ऐतिहासिक गौरवमय योगदानलाई समावेश गर्न विशेष पहल गरिने छ ।
- नेपाल एकिकरणको सन्दर्भमा गोरखा राज्यको सिमानाको रक्षा किल्लाको रुपमा रहेको सिरानचोककोट लाई ऐतिहासिक स्थल वनाउन तत्कालिन समयमा चौविसे राज्य सँग लडाई गर्ने गोरखाली सेनाका कमाण्डर अमरसिंह थापा, पृथ्वी नारायण शाहका सहयोगी वीर सेना झागल गुरुङको योगदानलाई कदर गर्दै सिरानचोक गाउँपालिकालाई ऐतिहासिक पर्यटकीय स्थल घोषणा गर्न विशेष पहल गरिनेछ ।
- वावा गोरखनाथले वाल्यकाल विताएको स्थान श्रीनाथ र बाल्यकाल अवस्थामा हेरचाह गर्ने देवी मण्डली नाथ सम्प्रदायको वसोवास रहेको स्थान जोगी गुफाको शिवालय मन्दिर, मानव निर्मित गुफा संरक्षण र सम्वद्धन गर्दै शक्ति पिठको रुपमा प्रचारप्रसार गरिने छ ।
- गाउँपालिका भित्र निर्माण हुने मठ मन्दिरहरुमा-पुरातत्व झल्किने चुनासुर्की सालकोकाठ तामाकोछानो आदिको प्रयोग गरि निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ
- पर्यटक सहजिकरणका लागि सिरानचोक गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुसम्म पुग्न सहजताका लागि विभिन्न स्थानमा गाइड नक्साको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र रहेका हरेक टोलमा" एक टोल एक पार्क" निर्माण अवधारणा अनुसार सोकार्यलाई पर्यटन सँग जोडी आवश्यक स्थल पहिचान गरि निर्माण कार्य अगाडि बढाइनेछ।
- सिरानचोक गाउँपालिकाको विभिन्न स्थान देखि सिरानचोककोट श्रीनाथमण्डली मन्दिर सम्म पदयात्रा निर्माण गरिनेछ।
- गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा , झाँकी साहित्य कलाहरुको प्रदर्शन गर्नेकार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको प्रसिद्ध धार्मिक तथा पर्यटकिय स्थलको खोज अध्यान अनुशन्धान तथा स्थानिय तहमा बोलिने भाषा लिपि, कला, साहित्य, संस्कृति, संगित, रहनसहनको संरक्षण तथा प्रबर्द्धन गरिनेछ।

अन्तर स्थानीय तहहरु विच समन्वय गरि ऐतिहासिक कप्राकृतिक ,, पुरातत्विक र पर्यटकीय स्थलको , संरक्षण र प्रवर्धन गरिनेछ।

च. श्रम तथा रोजगारी

- पालिकाको समावेशी आर्थिक रुपान्तरणका लागि रोजगारी र आय अभिवृद्धि गर्न प्रदेश सरकार र गैरसरकारी संस्थाहरु संगको सहकार्यमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी कार्यक्रम "कार्यान्वयन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा तोकिएको करमा ५० % छुट दिइनेछ।
- उद्यमशिलता विकास गर्न उद्यम विकास कोषको स्थापना गरिनेछ गाउँपालिका क्षेत्र भित्रका उद्यमी हरुले उत्पादन गरेका सामग्री हरुको विक्री बितरणको लागी बजार व्यवस्थापनमा जोड दिइने छ। उद्यमशिलता तथा सिप विकास को माध्यमवाट महिला तथा लक्षित वर्गको आर्थिक सशक्तिकरण को कार्यक्रम लाइ प्रर्वद्धन गरिनेछ।
- पालिकामा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ साथै श्रममा आधारित काममा परिचालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायत क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।
- वैदेशिक रोजगारमा जान चाहने ब्याक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्नुको,साथै **श्रम स्वीकृति तथा नविकरण** गाउँपालिकालिका बाटनै सेवा प्रदान गर्न सहजिकरण गरिनेछ।
- गाउँपालिकाको श्रम तथा रोजगार रणनिति तयार गरि कार्यान्वयन गरिने छ। सुरक्षित नागरिक आप्रवशन **सम्बन्धि कार्यविधि** तयार गरि लागु गरिने छ। बैदेशिक रोजगारी बाट फर्किएका ब्याक्तिको सिपको सदुपयोग गर्न साझेदारिमा पून एकिकरण कार्यक्रम संचालन गरिनेछ।

२. <u>सामाजिक क्षेत्र:</u>

क. स्वास्थ्य तथा पोषण

- स्वास्थ्य सस्थाबाट उपलब्ध गराइने स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरिय बनाइने छ ।
- प्रत्येक वडामा चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिबिर ,नसर्ने रोगको स्क्रिनिंग शिविर संचालनलाइ निरन्तरता दिइने छ।
- गाउँपालिका केन्द्रमा खोप भण्डारण र वितरणको लागि प्रदेश कार्यालय र गाउँपालिकाको समन्वयमा पालिका स्तरीय कोल्डचेन सब सेन्टरको स्थापना गरि खोप वितरणलाइ गुणस्तरीय र थप व्यवस्थित गर्दै लगिनेछ।
- आमा सुरक्षा कार्यक्रमलाई गुणस्तरिय र सस्थागत सुत्केरी लाइ प्रोत्साहन गर्दै शुन्य Home delivery को नीति अबलम्बन गरिनेछ ।
- पालिका स्तरीय आँखा सेवा केन्द्र तथा आयुर्वेद केन्द्रलाई थप प्रभावकारी रुपले संचालन गरिनेछ ।
- जेष्ठ नागरिक घरभेट,ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

- विभिन्न सरकारी तथा गैरसरकारी संघ सस्थासंग समन्वय गरि स्वास्थ्य सम्बन्धि विविध कार्यक्रम संचालन गरिनेछ।
- मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रमलाइ थप प्रभावकारी वनाउँदै मनोसामाजिक परामर्शकर्ता मार्फत बिद्यालय र स्वास्थ्य संस्थामा त्रैमासिक रुपमा निशुल्क परामर्श कार्यक्रम को व्यवस्था मिलाइनेछ ।
- डिजिटल पारिवारिक स्वास्थ्य प्रोफाइल कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
- सिरानचोक आधारभुत अस्पताल जौबारी प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ।
- आयुर्वेद, योग, प्राकृतिक, वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम निरन्तरता दिईनेछ ।
- लागु पदार्थ सेवन गरी कुलतमा परेका अति विपन्न किशोरकिशोरीलाई परिवार तथा गाउँपालिकाको सहकार्यमा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

## ख. शिक्षा विज्ञान ,तथा प्रविधि

- "सिरानचोकको मुल आधार गुणस्तरिय शिक्षा मौलिक अधिकार" भन्ने मुल नाराका साथ पर्याप्त शिक्षकको व्यवस्था सहित न्यूनतम पुर्वाधारयुक्त स्मार्ट कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, स्वच्छ पिउने पानी, शौचालयको सहितको व्यवस्था गरिनेछ ।
- विद्यालय शिक्षक, प्रधानाध्यापक एंवम विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरि शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ ।
- विद्यार्थीका भावना अपेक्षा र आवस्यकताका साथै सिकाइ उपलब्धि बुझ्न तथा उनिहरुलाइ प्रेरणा र हौसला प्रदानगर्न विद्यार्थीसंग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ
- शिक्षक सिकाइ केन्द्रको स्थापना गरिनेछ।
- शैक्षिक हवहरुलाई प्रवर्द्धन गर्दै गाउँपालिकाभित्र विद्यार्थी हब अवलोकन विशेष कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय शिक्षामा आधुनिकीकरण गर्दै सामुदायिक विद्यालयमा विद्यार्थी टिकाउदर अभिवृद्धि गरिनेछ ।
- मातृभाषा शिक्षा कार्यक्रमलाई संरक्षण र प्रवर्द्धन गर्दै लगिनेछ।
- विद्यार्थीलाई व्यवहार कुशल सीप विकास गर्ने तथा विद्यार्थीको अन्तर्निहित प्रतिभाहरुको प्रस्फुटन गरिनेछ।
- असल छिमेकी नेपाल,**Room too read** र **Global peace foundation** गैरसरकारी संघ संस्थाहरु सँगको सहकार्यलाई निन्तरता दिइनेछ।
- प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई प्रोत्साहन गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण **Eye screening** कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- प्रारम्भिक बाल विकास शिक्षालाई बालमैत्री सिकाइमैत्री वनाईनेछ ।
- पालिकाभित्र रहेको शिक्षण संस्थाको नक्सांकन गरि भूगोल र विद्यार्थी अनुपातको आधारमा शिक्षक समायोजन/सरुवा तथा विद्यालयलाई मर्जर गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

- आधारभूत तहमा सिरानचोकको गौरव,संस्कृति,सभ्यता,मूल्य मान्यता र एकताको सम्बर्द्धन एवम् नागरिक कर्तव्यको विषय समावेश गरि स्थानीय पाठ्यक्रम अनुसार पाठ्यक्रम र पाठ्यपुस्तक लेखन कार्य गरिनेछ।
- विषय विज्ञको रोष्टर तयार गरि विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत क्षमता विकासको कार्यलाई अगाडी बढाइनेछ।
- विद्यालयहरुमा लागुऔषध दुर्व्यसनको विरुद्धमा विशेष कार्यक्रम संचालन गरिनेछ।
- न्यून सिकाइ उपलब्धी भएका विद्यालयहरुमा विशेष कार्यक्रम संचालन गरिनेछ।
- TEVT (Technical and vocational Education and training) संञ्जाल गठन गरि राष्ट्रिय योग्यता प्ररुप अनुसार औपचारिक तथा अनौपचरिक जुनसुकै किसिमले हाँसिल गरेको सिप दक्षतालाई प्रमाणिकरण गरी योग्यताको तह निर्धारण गर्ने कार्यलाई सहजिकरण गरिइनेछ।

ग. खानेपानी तथा सरसफाई

- गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत पानीको श्रोतको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनताको स्वच्छ खानेपानी तथा सरसफाई पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न गाउँपालिकाले" एक घर एक धारा" कार्यक्रमलाई आगामि आर्थिक वर्ष भित्र सम्पन्न गरि निरन्तरता दिइनेछ ।
- सार्वजनिक स्थल पाटीपौवा ,मन्दिर ,तथा अन्य सार्वजनिक संरचनामा खानेपानी तथा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।
- सिरानचोक गाउँपालिकाको सौन्दर्यलाई दिगोपना दिनका लागि **"मेरो घर, हाम्रो टोल तिमी र म, हाम्रो पालिका हामी सबै"** भन्ने मूल नाराका साथ मासिक पालिका स्तरीय सरसफाई कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका भित्र बजारको रुपमा विकसित हुँदै गरेका क्षेत्रहरुमा सिर्जित फोहोरहरुको दिर्घकालिन तथा उचित व्यवस्थापन गर्न यस गाउँपालिकासँग सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरि फोहोरमैला विसर्जन स्थल पहिचान तथा निर्माण गरी फोहोर व्यवस्थापन कार्यलाई उचित प्राथमिकता दिइनेछ।
- प्लास्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लास्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

घ. युवा, खेलकुद तथा नवप्रवर्धन

- "एक वडा एक खेलकुद मैदान" निर्माण गर्ने नीति वमोजिम सो कार्य लाई निरन्तरता दिँदै आगामि २ वर्षमा भित्र सम्पन्न गरिनेछ साथै गाउँपालिका स्तरीय रंगशाला छनौट गरी पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ।
- प्रत्येक वडामा रहेका खेलमैदानको स्तर उन्नती गरिंदै लगिनेछ।
- युवाहरुको सहयोगी समुहको सूची तयार गरि प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एंव विकास निर्माणका क्षेत्रमा उनीहरुलाई परिचालन गरिनेछ।

- युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन सचेतनात्मक,रोकथाममूलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्वास्थ्यका लागि खेलकुद भन्ने नारा लाई सार्थक बनाउन युवा क्लबहरुलाई विभिन्न संघ संस्थाले आयोजना गर्ने प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रममा भाग लिन प्रोत्साहित गरिनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमलाई निन्तरता दिइनेछ।

ङ. महिला बालबालिका तथा समाज कल्याण

- सबै वर्गका महिलाहरुको चौतर्फि विकासका लागि सशक्तिकरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- समाजमा भएका र हुन सक्ने विभिन्न किसिमका हिंसात्मक घटनाहरुको न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक हित संरक्षण गर्न एवं समाजमा स्थापित भएर बाँच्नका लागि आर्थिक सशक्तिकरणमा जोड दिईनेछ ।
- गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन गर्दै उहाँहरुको ज्ञान सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिनेछ।
- लक्षित वर्गका महिलाहरु दलित एकल सिमान्तकृत लोपोन्मुख आदिवासी जनजाती को लागि विभिन्न किसिमका क्षमतामूलक तथा आयमूलक कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- टोल विकास संस्थालाइ प्रभावकारी रुपमा संचालन गर्नको लागि पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ
- अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यलाई Digitalization प्रक्रिया अवलम्बन गरिनेछ।

३. <u>पूर्वाधार क्षेत्र:</u>

क. भवन, आवास, वस्ती तथा शहरीविकास

- पालिका स्तरीय गौरवका योजनाहरु र अधुरा योजनाहरुलाई सम्पन्न गर्न पहिलो प्राथमिकता दिइनेछ। साथै योजना छनौट गर्दा टुक्रे योजनालाई निरुत्साहित गरि दिर्घकालिन रुपमा प्रतिफल दिने खालको ठुला योजनाहरु छनौट गरि निर्माण कार्य अगाडि बढाउने कार्यलाई निरन्तरता दिइनेछ।
- आवधिक योजना भूउपयोग योजना, एकीकृत वस्ती विकास योजनालाइ क्रमश कार्यान्वयन गर्दै लगिनेछ।
- सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रवाह गर्नका लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण तथा वः कार्यलयको भवनहरुलाई सेवा मैत्री हुने गरि थप निर्माण गरिनेछ।
- गाउँपालिका भित्र निर्माण हुने भवनका लागि भवन आचार संहिताको पूर्ण पालना गराइनेछ।
- गाउँले परिवेशका घर, पाटीपौवा आदिको भूकम्प प्रतिरोधात्मक निर्माण गर्न विशेष कार्यक्रमका साथ अगाडि बढाइनेछ।
- "जनता आवास कार्यक्रम"मा समेटिएका सम्पूर्ण लाभग्राहीहरुको घर निर्माण कार्य अगाडी बढाइनेछ।
- गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु भूकम्प प्रतिरोधि, अपाङ्ग मैत्री बालबालिकामैत्री तथा महिला मैत्री बनाइनेछ।

गाउँपालिकामा रहेको प्राविधिक प्रयोगशालामा आवश्यक उपकरणहरु थप गरि गाउँपालिका भित्र निर्माण हुने संरचनाहरुको गुणस्तर नापजाँच गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

ख. सडक, पुल तथा यातायात व्यवस्था

- मुख्य राजमार्ग र गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय र स्वास्थ्य चौकी सम्म पुग्ने सडकहरुमा सहज पहुँचका लागि पक्कि सडकको रुपमा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र नियमित रुपमा सार्वजनिक सवारी साधन चल्ने मोटरबाटोमा सडक मर्मत सम्भारकर्ता राखि बाह्र महिनानै सडक चल्ने र दिगो बनाइनेछ।
- गाउँपालिका भित्रका" क" वर्गका सडकहरु र सिरानचोक चक्रपथ (चित्रेपोखरी, नामरुंग,गैरा, सिम्ले, डाँडागाउँ, उपल्लो गोहोरे, लान्दीवेशी, जौबारी) सडकको संघ र प्रदेश सरकारसँग समन्वय गरि उक्त सडकहरुको स्तरोन्नति कार्य अगाडि बढाइनेछ ।
- सिरानचोक गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम सडक मापदण्ड /सडकको क्षेत्राधिकारको अवधारणाको कार्यान्वयन थालनी भै सकेको हुँदा थप कार्यविधि वनाई यस कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- सडकको दाँया वायाँ पशुपालनका लागि घाँस र बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ । हरेक सडक योजनाहरुमा विनियोजित वजेटको २% रकम बायो ईन्जिनियरिंग कार्यमा खर्च गरिनेछ।
- गाउँपालिका भित्र निर्माण गर्नुपर्ने झोलुंगेपुलको निर्माण प्रक्रिया अगाडी बढाइनेछ साथै मर्मत गर्न आवश्यक रहेका झोलुंगेपुलहरुको मर्मत गरिनेछ।

ग. जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

- सार्वजनिक स्थल, सामुदायिक भवनपाटी पौवा , मठ मन्दिर, मस्जिद गुम्बा आदिमा वैकल्पिक उर्जा अन्तर्गत सौर्य बत्ती जडान गर्ने कार्य अगाडी बढाइनेछ ।
- टोल विकास समिति सँग समन्वय गरि विद्युतीय प्रसारण लाइन वरपर रहेका रुख विरुवाहरु हटाउने कार्य अगाडी बढाइनेछ।
- विद्युत आपूर्तिलाई सहज र भरपर्दो बनाउन विद्युत लाइनको विस्तार, व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी प्रक्रिया अगाडी बढाइनेछ।

घ. सूचना तथा संचार

- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न पालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने, Website का साथै social media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ ।
- मोवाईल एप तथा वेब एप माफर्त घर बाटनै सेवा लिने कार्यको सुरुवात गरीने छ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय प्रभावकारी बनाईने छ ।
- कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य गरी भ्रष्टाचार जन्य गतिविधिको अन्त्यको लागी बिभिन्न Payment Gateway मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ।

> जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, सार्वजनिक परीक्षण साथै कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

> पालिका वा सम्पूर्ण कार्यालयहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ।

> जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

> MIS को अवलम्बन गरी Recording to Reporting लाइ प्रभावकारी बनाइनेछ।

४. <u>वन, वातावरण तथा विपद व्यवस्थापन:</u>

क. **वन वातावरण तथा विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता नीति**

> हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान समुदायस्तरसम्म सञ्चालन गरिनेछ । वातावरणमैत्री स्थानीय शासन प्रणाली सम्बन्धी नीतिको अवलम्बन गरिनेछ ।

> खाली क्षेत्रहरुमा बाँस/निगालो, डालेघाँस, फलफूल, जडिबुटी, खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रुपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ। कृषि तथा कबुलियती वनसँग सहकार्यमा एक वन एक उत्पादन कार्यहरु सञ्चालन गरिनेछ ।

> स्थानीय नागरिकलाई परिवर्तित जलवायू अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । दरौदी, भुसुणडे खोला लगायतका नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमिनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ ।

> स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गरिनेछ ।

> सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैहसरकारी संघसंस्थाहरुसंगको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

> डढेलो व्यवस्थापनको लागि अग्निरेखा निर्माण गर्न जनताको सहभागिता अभिवृद्धि गर्नुको साथै वनमा डडेलो रोकथामका लागी जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

> सामुदायिक वन पैदावरको उत्पादन, प्रशोधन र उपयोगको विषयमा विभिन्न बिभिन्न संघ संस्थाहरुको सहकार्यमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ।

> प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो, वायोग्याँस निर्माण, सौर्य उर्जा, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

> वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको रोकथाम तथा निर्मूल गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।

> नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमिनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ ।

ज्ञानेन्द्र गुरुङ

## ५. संस्थागत विकास तथा सुशासनः

### क. संस्थागत विकास तथा सुशासन

- निर्माण भएका विषय क्षेत्रगत गुरु योजनाहरु, मध्यमकालीन खर्च संरचनालाई आर्थिक अनुशासन र योजना अनुशासनको कडीका रुपमा उपयोग गरिनेछ।
- वार्षिक खरिद योजना, गुरु योजना, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सोको नतिजामूलक अनुगमनको कानूनी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षिय बाहेकका आयोजनाहरु वैशाख मसान्तभित्र सम्पन्न गरिने कार्यलाई निरन्तरता दिईनेछ।
- मुस्कान सहितको सेवाः भन्ने मर्मलाई आत्मसात गर्दै सबै प्रकारका समुदाय, तह, क्षेत्र र क्षमता भएका व्यक्तिलाई समानुपातिक समभावको दृष्टिले सेवा प्रवाह गरिनेछ। गाउँपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिलाई बढावा दिंदै टोकन प्रणालीको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण सूचना तथा तथ्याङ्कहरुलाई डिजिटल प्रणालीमा आवद्ध गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइनेछ । जनतासँग स्थानीय सरकारको अवधारणा कार्यान्वयन गर्न जनतासँग जनप्रतिनीधि कार्यक्रम, हटलाइन सेवा, हेल्प डेक्स र टोल फ्रि नं को माध्यमबाट सिरानचोकलाई व्यवस्थित गरिनेछ।
- Performance Management System को अवलम्बन गरी कर्मचारी तथा संस्थाको कामको मुल्याङ्कन गरिनेछ साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहितालाई कार्यान्वयन गरिनेछ । जनप्रतिनीधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- डिजिटल नागरिक वडापत्र तथा नागरिकलाई सूचना दिन मोवाईल एप्सलाई प्रयोगमा ल्याईनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको मार्गदशर्नको रुपमा लिइनेछ।
- बेरुजुलाई न्यूनिकरणका लागि सार्वजनिक लेखा समिति, आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।
- ज्येष्ठ नागरिक, राजनीतिक नेतृत्व, पूर्व जनप्रतिनीधि, अवकास प्राप्त राष्ट्रसेवक, प्राध्यापक, शिक्षक, सुरक्षाकर्मी, डाक्टर, राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी लगायतको अनुभव, ज्ञान तथा सीपलाई गाउँपालिकाको विकास र समृद्धिमा उपयोग गरिनेछ
- गाउँपालिकाको पहिचान र सम्मान स्थापित गर्दै असल अभ्यास, अनुभव र स्रोतहरुको साझेदारीलाई प्रवर्धन गर्न राष्ट्रिय, अन्तरराष्ट्रिय तथा पालिकासँग भगेनी सम्बन्ध कायम गरी सहकार्य गरिनेछ ।
- LISA, GESI Audit, FRA, LED तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन सूचकको लक्ष्य प्राप्तीका लागि अन्तर सम्बन्धित विषयका नीतिहरुसँग समाहित गरिनेछ ।
- गाउँपालिकाका शाखाहरुबाट भएका कामहरुलाई त्रैमासिक रुपमा समिक्षा गरी उक्त कार्यसम्पादनलाई बुलेटिन मार्फत प्रकाशन गरिनेछ।

### न्यायिक समितिः

- जनतामा न्यायको पहुँच अभिवृद्धि गर्ने अभियान सञ्चालन गरिनेछ ।
- न्यायिक समितिको काम कार्वाहीलाई प्रविधिमैत्री बनाउँनको लागि विवादको दर्ता दिखि निरुपण सम्मको प्रक्रियालाई अनलाईन प्रणालीमा लगिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

ख. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

- हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ ।
- सिरानचोक गाउँपालिकाभित्र सञ्चालमा रहेका व्यावसायहरुको प्रभावकारी अनुगमन गरी व्यावसायिक स्वच्छता कायम गरिनेछ। कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ ।
- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
- गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुर्याउन उद्योग वाणिज्य संघसँग समन्वय गर्ने नीति तय गरिनेछ।
- राजश्व संकलनलाई व्यवस्थित बनाउनका लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।
- गाउँपालिकामा संचालनमा रहेका सम्पुर्ण व्यवसाय र दलित, महिला तथा पिछडिएका वर्गले संचालन गरेका व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने नीती लिइने छ।
- करको दर भन्दा दायरालाइ प्राथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।
- कर चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गरिनेछ ।

अन्त्यमा,

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध सिरानचोक निर्माणको अभियानले सार्थकता पाउनेछ। यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवै पक्षबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु। अन्तमा, सिरानचोक गाउँपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न योगदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, विकास साझेदारहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, गाउँपालिकावासी, र वुद्धिजिवी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

ज्ञानेन्द्र गुरुङ<br>
अध्यक्ष<br>
सिरानचोक गाउँपालिका